# नेपाल सरकार
## गृह मन्त्रालय
## राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातिर्थ, काठमाण्डौ
### पुराना जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०९/२७ गते )

राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातिर्थ, काठमाण्डौमा रहेका तपसिल बमोजिमका पुराना जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ ।

| सि.नं. | पुराना जिन्सी सामनहरुको विवरण | न्यूनतम जम्मा मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | पुराना, भाडावर्तन, कम्प्यूटर, फोटोकपि मेशिन, ल्यापटप, टेलिभिजन, प्रोजेक्टर, फलामको राईटिङ्ग कुर्सी, ब्याट्री, पाल, ए.सी., प्लाष्टिक कुर्सी, पानी तान्ने पम्प लगायत अन्य जिन्सी सामानहरु आदी | १,३२,९३१/- | १,०००।- | |

बोलपत्र फाराम राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातिर्थ, काठमाण्डौ मिति २०७८/१०/०३ गतेको कार्यालय समय भित्र तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फाराम मिति २०७८/१०/०४ गतेको १२:०० बजे भित्र दर्ता गराई सक्नु पर्नेछ र रितपूर्वक दर्ता भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे खोलिनेछ । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा बिदा पछाडीको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ । बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातिर्थ, काठमाण्डौको कार्यालय कोड नं. ३१४०५३५०५ को कोष तथा लेखा नियन्त्रक कार्यालय, त्रिपुरेश्वर काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय टेकु, काठमाण्डौको धरौटी खाता नं. १७००१००१०२०३०००० KA-2-3 मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा कम्तिमा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी जिन्सी सामानहरु उठाई लैजानु पर्नेछ । बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम कारबाही गर्ने छ । उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं ०१-४३१६२०२ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ । यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको **Web Site:-** www.apf.gov.np मा समेत राखिएको छ ।